नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ६६१४८०१, ६६१४४३७
फ्याक्स : ६६१४६०७

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

पत्र संख्या :
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :-

मिति :२०७८।१०।०५

## सेवा स्थगन सम्बन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट सहितको ओमिक्रोन संक्रमण बढ्दै गएको अवस्थामा यस कार्यालयमा कार्यरत विभिन्न फाँटका कर्मचारीहरु पनि कोभिड-१९ बाट संक्रमित भई उपचार तथा आइसोलेसनमा रहेका छन् । यस कार्यालयको शान्ति सुरक्षा, मुद्दा सम्बन्धी अत्यावश्यक सेवा वाहेक कर्मचारी तथा सेवाग्राहीको नियमीत र प्रत्यक्ष सम्पर्क हुने नागरिकता, नागरिकता प्रतिलिपी, नावालक परिचयपत्र, राष्ट्रिय परिचयपत्र र राहदानी फाँटका सेवाहरु अर्को सूचना जारी नभएसम्म भोली मिति २०७८/१०/०६ गते देखी लागू हुने गरी हाललाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।अत्यावश्यक सेवा लिन आउनुहुने सेवाग्राहीहरुले अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पूर्णपालना गरी साथमा खोप कार्ड (मोवाइलमा फोटो भएपनि हुने) लिई आउनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

२०७८/१०/५
रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी